थाहासहित ३६ संस्थागत विद्यालयका २ सय ५७ जना विद्यार्थीलाई सम्मान । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com  खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१७, अंक-०१ ● २०८१ साउन ०७ गते सोमबार, ● 22 July, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'हामी छौं' को छनोटमा परिन् थाहानगरकी सुन्तली

◆ विकास संवाददाता

नेपाली चलचित्र उद्योगका एक अग्रपंक्तिका व्यक्ति हुन् शोभित बस्नेत । कुनै पनि उद्योग वा व्यवसाय नाफा आर्जनका लागि गरिन्छ । तर शोभित बस्नेत अहिले सामाजिक काममा क्रियाशील छन् । आर्थिक र समामाजिक हिसाबले कमजोर व्यक्ति तथा परिवारलाई बस्नेत सहयोग जुटाइ रहेका छन् । यसका लागि उनी हामी छौं नामक डकुड्रामा छायाँङ्कन गरिरहेका छन् ।

बस्नेतको डकुड्रामा टिमले थाहा नगरपालिका वडा नम्बर ४ की सुन्तली




विश्वकर्मालाई सहयोग गरेको छ । टिमले ५ साउनमा उनकै घरमा पुगेर नगद २५ हजार रूपियाँ सहयोग गरेको हो । डकुड्रूमामार्फत सात प्रदेशबाट ७ जना व्यक्ति छनोट गरिएको उनले बताए । बस्नेतले भने-'छनोटको क्रममा थाहा नगरपालिकामा २ जनालाई छान्यौं ।'

सुन्तलीलाई डकुड्रामा टोलीले ५ असारमा हयोगका लागि छनोट गरेको हो । आर्थिक रूपमा पीडितलाई सहयोग गर्ने नै डकुड्रूमाको उद्देश्य रहेको ड्रामाकी कलाकार तथा निर्माता सलिना बस्नेतले बताइन् ।

डकुड्रामा निर्माण टिमले यस अघि थाहा नगरपालिका वडा नम्बर ४ कै चिनीमायाँ नेपालीलाई २५ हजार नगदसहित एउटा लुगा सिलाउने मेसिन प्रदान गरिसकेको छ । उनका लागि अब बैंक खातामा सहयोग रकम जम्मा हुने प्रस्तुतकर्ता शोभित बस्नेतले सुनाए । यसका लागि चिनीमैयाँ नेपाली र थाहा नगरपालिका वडा नम्बर ४ का अध्यक्ष नारायण लामाको संयुक्त नाममा कामना सेवा विकास बैंकमा खाता समेत खोलिएको छ ।

सलिना बस्नेत र आर्यन पौडेलको प्रमुख भूमिका रहेको डकुड्रामामा त्रिसना क्षेत्री, सुशान्तकुमार श्रेष्ठ, समीर खान, शिवराज नेपाल, गणेश बुढाथोकीलगायत कलाकारको अभिनय छ। प्रस्तुतकर्ता शोभित बस्नेतले देशका विभिन्न क्षेत्रमा रहेका असहाय, पीडितको सहयोगार्थ डकुड्रामा बनाइएको बताए । सुशील देवकोटाको लेखन रहेको डकुड्रामाका निर्देशक रामजी राउत हुन्। रामजी लामिछानेको कोरियोग्राफी, सौरभ लामाको छायांकन, आनन्द अधिकारीको गीत, शम्भुजित बासकोटाको संगीत रहने डकुड्रामालाई बन्दे प्रसादले सम्पादन गर्नेछन् ।

# पर्यटकको रोजाइमा थाहानगरको टिस्टुङ

विकास संवाददाता
थाहानगर

गुँड सम्झेर साँझ चरा आएजस्तो, गाउँ सम्झेर घर फिरेको कुनै परदेशीको आगमनको अर्थ नै बेग्लै रसले मधुरो हुँदोरहेछ । जस्तो कि, पचासको दशकतिर सहर पसेका अर्जुनसिंह ठकुरी केही वर्षअघि गाउँ फिरे । टिस्टुङलाई पहिलेभन्दा बढी मोहक र रमझमयुक्त बनाउन उनको पनि भूमिका छ । कवि भूपाल राईको कविता 'दाजै कविता गाउँमै छ' लाई मनमस्तिष्कमा बोकेर यतिबेला खटिइरहेका छन् । भन्छन्, 'गाउँमै केही गर्नुछ, यहींको युवा पुस्तालाई पौरखी बनाउनु छ ।

अर्जुनले टिस्टुङमा 'ॐ अध्याय रिट्रिट' रिसोर्ट खोलेपछि उनको गाउँ आगमन बढेको हो । पश्चिमी किनारमा घाम डुबेसँगै रिसोर्ट अनेक रंगीन बत्तीहरूमा झलमल्ल बल्छ । भव्य रिसोर्टले अत्याधुनिक सहर ठमेल सम्झाउँछ । ॐ अध्यायबारे अर्जुनका साथीहरू भन्थे-यो त खोल्सामा फुलेको फूल हो । 'हामी गाउँकै स्थानीय उत्पादन प्रयोग गर्न चाहन्थ्यौं । रिसोर्ट छेउकै खोलाको साग टिपेर खान्थ्यौं,' अर्जुन भन्छन्, 'साथीहरूले भनेझैं रिसोर्टले खोल्सामा फुलेको फूल भएर सधैं बास्ना छरिरहोस् ।'



अर्जुनले ८ वर्षअघि सुरू गरेका हुन्, ॐ अध्याय रिट्रिट । त्यतिबेला उनले रिसोर्टभन्दा पनि साथीभाइ बसेर रमाउने ठाउँ बनाउन चाहन्थे । त्यसैले ५० लाख रूपैयाँ खर्चेर आफ्नै गाउँको जग्गामा फार्म हाउस चलाए, आठ कोठे घरमा । तर, अन्तरालमा विदेशी र घुमन्ते नेपाली पनि आउन थाले फार्म हाउसमा । अब ८ कोठाले पुगेन, त्यसपछि उनले फराकिलो सपना देखे । अर्जुनका अनुसार, रिसोर्टमा जग्गाबाहेक अहिलेसम्म २५ करोड रूपैयाँ खर्च भइसकेको छ । शुक्रबार/शनिबार रिसोर्ट भरिभराउ हुन्छ । अर्जुन चाहन्छन्, आफ्नो रिसोर्टमा आउनेहरूको समय 'कोठामा होइन, शान्त बगैंचामा' बितोस् मगमग फूलहरूको माझमा, जहाँ मौरी भुनभुनाइरहेका हुन् । सहरका मान्छेहरू व्यस्त समयबाट ताजगी र स्फूर्ति प्राप्त गर्न यो चिसो चन्द्रागिरि डाँडा चढ्छन् योग/ध्यान गर्न, खेल्न वा संगीतमा रमाउन वा जंगलतिर बरालिन वा कुलेखानीमा डुंगा चढेर नजिकका गाउँतिर हाइकिङ गर्न । २२ रोपनीमा फैलिएको रिसोर्टमा सम्मेलन कक्ष, कन्सर्ट हल, स्विमिङ पुल, चिल्ड्रेन पार्क र हेलिप्याड छन् ।

सहरको कोलाहलबाट एक/दुई दिनका लागि भए पनि मुक्त हुन चाहनेहरूको हूल रिसोर्टमा चम्किएका थुप्रै रंगीविरंगी बत्तीमाझ डिजे-म्युजिक र लाइभ-ब्यान्डमा नाचिरहेको हुन्छ । स्विमिङ पुल छेउछाउमा पेयमा रमाइरहेका वा डाँडामा क्याम्प फायर गर्नेहरू पनि देखिन्छन् उत्तिकै । 'यहाँ सहर र घर भन्दा स्वतन्त्रता अनुभव हुन्छ । डाँडातिर डुले पनि भो, रिसोर्टमा भावुक म्युजिक सुनेर बसे पनि भो,' उनीहरू भन्छन् । बिहान सुरू भएसँगै रिसोर्टको वरिपरिका डाँडाकाँडामा देखिन्छन् युवायुवती । कोही खेलकुदमा रमाइरहेका देखिन्छन् त कोही घोडा चढेर डाँडा उक्लिरहेका । लोकल कुखुरा, हाँस, ढिँडो, गुन्द्रुक, फापर, सिस्नो खाने रहरले रिसोर्ट पुग्नेहरूको पनि कमी छैन ।

पहाडको एउटा अँध्यारो बस्ती टिस्टुङलाई गुलजार बनाएको छ, रिसोर्टले । यो ऐतिहासिक चित्लाङ-थानकोट सडकले हाम्रो नेपाली इतिहास र राजनीतिको बिर्सिसकिएको पुरानो कथा वाचन गर्छ । २०११ सालमा त्रिभुवन राजपथ निर्माण हुनुअघि काठमाडौंलाई मधेश र भारतसँग जोड्ने मार्ग यही एउटै त थियो । यो त्यही पुरानो बाटो हो, जुन कुनै समय नेपाली राणाकालीन समयको लाइफलाइन थियो । अर्जुनसिंह ठकुरी यही टिस्टुङमा हुर्किए । उनी सोचिबस्छन् छेउमै हेटौंडा त विकास भयो, तर काठमान्डु पुग्ने बीचका बस्तीहरू



उस्तै रहे । अर्जुनसिंहलाई लाग्छ-'मेरो टिस्टुङमा सपना, श्रम अनि संस्कृति पनि छ । तर, सपना बोकेर विदेश गइरहेका युवायुवतीको हूल छ । 'त्यसैले ती युवालाई कसरी यहीं रोक्ने ?' अर्जुनसिंह भन्छन्, 'खासमा हामीले गाउँ नचिनेका हौं । यहाँ दुःख त छ, तर सबैथोक छ गाउँमै ।'

ॐ अध्याय रिट्रिटमा छन् ३३ जना स्थायी कर्मचारी, जो सबै टिस्टुङकै हुन् । तिनलाई उनैले तालिम दिलाएर रोजगारी पनि दिएका हुन् । 'गाउँका पढेलेखेका बेरोजगार र विदेश जाने चक्करमा डुलिरहेका तालिम दिएर जागिर दिएको हुँ', अर्जुनसिंह भन्छन्, '३/४ जनाको समूह बनाएर काठमान्डुका तारे होटलमा ट्रेनिङ दिलायौं । तिनले सडकका भ्यारभ्यारे मःम होटलदेखि स्टार होटलसम्म पुगेर तालिम लिएरू।' अर्जुनको चाहना एउटै हो-टिस्टुङलाई 'विकेन्ड डेस्टिनेसन' बनाउनेरू। थाहा नगरपालिका-६ को यो बत्तीमुनिको अँध्यारो गाउँले ३८/४० सालतिरै कुलेखानी प्रोजेक्टमार्फत काठमाडौंलाई झिलिमिली पारेको थियो । तर, कुलेखानीभन्दा ५ किलोमिटर मात्रै परको उनको गाउँमा ५२ सालमा बल्ल बिजुली पुग्यो । अर्जुनले टुकी बालेरै पढे । गाउँमा 'पिक आवर'मा सय वाटको बत्ती बल्दा 'फिलामेन्ट' मात्रै बलिरहेको सम्झना छ उनीसँग । र, त्यो 'फिलामेन्ट' मुनि उनी टुकी बालेर पढिरहेका हुन्थे । टिस्टुङ-पालुङ खासमा उबेलाका ट्रक चालकहरूको खाना खाने 'जक्सन' थियो ।

टिस्टुङमा मंसिरदेखि माघसम्मै खडेरी पर्थ्यो । धान, मकै, कोदो, फापर त फल्थ्यो, तर वर्षभरि खान पुग्दैनथ्यो । त्यसपछि धेरै फापरसँग थोरै चामल साटिन्थ्यो । घरमा दुःख कत्ति थियो भने अर्जुनले मेला, पर्म र गोठालो गएरै पढेका हुन् । स्कुल भर्ना गर्ने पैसा पनि थिएन, तर हरेक वर्ष कक्षामा सर्वोत्कृष्ट अंक ल्याउँथे उनी । त्यसैले छात्रवृत्ति पाएरै पढे ग्रिनलेज बैंक (अहिलेको स्ट्यान्डर्ड चार्टर्ड बैंक) ले एक कार्यक्रमअन्तर्गत उनलाई ८, ९ र १० कक्षामा छात्रवृत्ति दिएको थियो, वार्षिक ९ सय रूपैयाँको ।

अर्जुनले एसएलसी पास गरे-०५४ सालमा । खर्चले धान्दैनथ्यो, डाक्टर बन्ने सपनालाई तिलान्जली दिए । काठमान्डुको असाध्यै सस्तो, अँध्यारो कोठाभाडामा बसेर आरआर क्याम्पसमा मानविकी पढे, साहुको पसलमा कामदार भए, होम ट्युसन पढाए, छापाखानामा काम गरे, कम्प्युटर सिक्दै एउटा बोर्डिङ स्कुलमा कम्प्युटर शिक्षक भए । २० वर्षअघि कम्प्युटर पढाएको त्यो बोर्डिङ स्कुल उनैले किनेका छन् अहिले । कम्प्युटर डिप्लोमा पास गरेपछि आईटी कम्पनी सुरू गरे । अहिले अर्जुनको ३ वटा आईटी कम्पनी छन् । र, त्यसपछि उनले सपना देख्न थाले-रिसोर्टको । भन्छन्, 'टिस्टुङ, चित्लाङ र कुलेखानीमा आन्तरिक-बाह्य पर्यटकको आगमन बढिरहेको छ, रिसोर्ट राम्रै चलिरहेको छ ।'



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## योजना कार्यान्वयनको सवाल

स्वीकृत योजनालाई व्यवहारमा उतार्ने कार्यलाई योजना कार्यान्वयन भनिन्छ । यो योजना प्रक्रियाको अति महत्वपूर्ण चरण हो । योजना जतिसुकै राम्रो भए तापनि त्यसको कार्यान्वयन प्रभावकारी नभएमा उक्त योजनाको केही अर्थ रहँदैन । वास्तवमा हामीले भारत लगायतका छिमेकी देशहरुसँगसँगै योजनावद्ध विकास प्रयासको थालनी गरेको भएतापनि अहिले हाम्रा छिमेकी देशहरुले विकास र समृद्धिको यात्रामा ठुलो फड्को मारेका छन् भने हाम्रो अवस्था अहिले पनि निकै दयनिय नै रहेको छ । यसको मूल कारण हाम्रा विकास योजनाको कार्यान्वयन प्रभावकारी नहुनु नै भएकोले अब त्यसतर्फ विशेष जोड दिनुपर्ने समय आएको छ । योजना कार्यान्वयन गर्दा विस्तृत र वास्तविक कार्ययोजना तयार गर्नुपर्दछ । सूचकहरुको पहिचान, विभिन्न क्षेत्र तथा निकायको भूमिका निर्धारण, श्रोतको व्यवस्था गर्नुपर्दछ भने समय सीमा तोक्नुपर्दछ । त्यस्तै अपेक्षित प्रतिफल र प्रभावको विश्लेषण, अनुगमन गर्ने र समस्याको निराकरण गर्ने, जोखिम पूर्वानुमान गरी सोबाट हुने प्रभाव न्यूनिकरण तथा कार्यान्वनयको लागि प्रतिवद्ध हुनुपर्दछ । यसले गर्दा योजना कार्यान्वयनमा सहयोग पुग्दछ । योजना कार्यान्वयनका बखत विभिन्न समस्याहरु आउने गर्दछ । ति समस्याहरु समाधान गर्न सकिएन भने प्रभावकारी योजना कार्यान्वयन गर्न सकिदैन फलस्वरुप योजना कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ ।

प्रमुखतः योजना कार्यान्वयनको लागि समयमा श्रोत साधन उपलब्ध नहुनु, जोखिम लिने क्षमता नहुनु, उत्तरदायित्व तथा जवाफदेहिताको प्रभावकारी संयन्त्र नहुनु, पुरस्कार, सुधार तथा दण्डको व्यवस्था प्रभावकारी नहुनु, अधिकार प्रत्यायोजनको अभाव हुनु जस्ता कुराहरु योजना कार्यान्वयनका समस्याहरु हुन् । योजना कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरु समाधान गर्नका लागि विभिन्न विधिहरु अपनाउनु आवश्यक छ । यस अन्तर्गत क्षेत्रगत नतिजामूलक कार्ययोजना बनाई कार्यान्वयन गर्ने, योजना कार्यान्वयनको लागि समयमा श्रोत साधन उपलब्ध गराउने, लक्ष्य तथा परिलक्ष्य हासिल गर्न सम्बन्धित संस्था, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्नेलगायतका कार्य गर्न सके आइपरेका समस्या समाधान गरी लक्षित उपलब्धी हासिल गर्न सकिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा सम्वन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्षलाई योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने जिम्मेवारी तोकिएको छ । अनगमन तथा मूल्यांकन गर्दा लिइने विभिन्न आधारहरु तयार गरिएका छन् भने विभिन्न विधि तथा पद्धतिहरुको प्रयोग गर्ने गरिएको छ, जस्तो : तोकिएको ढाँचाका अनुगमन तथा मूल्यांकन फारामहरु भरी सम्वन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था, प्राविधिक परीक्षण गर्ने व्यवस्था, सार्वजनिक खर्च अनुगमन प्रणालीको अवलम्बन, कार्यसम्पादनमा आधारित बजेट निकासा प्रणालीको अवलम्बन लगायतका कुराहरु समेटिएको छ ।

विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी मुलुकको समग्र विकास प्रक्रियालाइ अगाडि बढाउनु अति जरुरी देखिएको छ । यसतर्फ स्थानीय तहका योजना अनुगमन तथा यससंग सम्बन्धीत प्रशासकीय कार्य गर्ने संयन्त्र प्रभावकारी हुनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# थप बलियो बनाउनुपर्छ नेपालमा कोटा र आरक्षण प्रणाली



**◆ मेघराज शंकर**

बंगलादेशमा सरकारी जागिरमा कायम गरिएको आरक्षण र कोटा प्रणालीको विरोधमा सयौं व्यक्तिको ज्यान जाने गरी भएको व्यापक प्रदर्शनलाई लिएर नेपालमा पनि सरकारी सेवामा छुट्याइएको आरक्षण तथा कोटा प्राणाली खारेज हुनुपर्ने आवाज विभिन्न माध्यम मार्फत उठ्न थालेको छ। हुनत यसअघि पनि यस प्रकारका आवाजहरू उठ्ने गरेको र सर्वोच्च अदालतको फैसला तथा समावेशी आयोगको प्रतिवेदनमा समेत नेपालको आरक्षण प्रणालीको औचित्य र सान्दर्भिकताको विषयमा प्रश्न उठाइएको छ । यसमा बंगलादेशमा भएको प्रदर्शनले आरक्षण मन नपराउनेहरूलाई झनै उत्साहित बनाएको छ भने आरक्षणको अवसर पाउने सीमान्तकृत समुदायलाई सशंकित बनाएको छ ।

कुनै पनि देशको आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित नीति, योजना तथा कार्यक्रमहरू उक्त देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विशेषता, ऐतिहासिक पृष्ठभूमि, राजनीतिक प्रणालीको चरित्रमा आधारित हुन्छ। त्यसैले नेपालमा आरक्षण प्रणाली किन लागू गरियो र किन अझै आवश्यक छ भन्ने सवालमा नेपाली समाजको विशेषता र समाज विकासको लामो ऐतिहासिक पृष्ठभूमि तथा बदलिंदो राजनीतिक प्रणालीको अन्तरसम्बन्धलाई केलाउनु जरूरी छ ।

नेपालमा आरक्षण व्यवस्थाको औचित्यको खोजी गर्दा हाम्रो नेपाली समाजको संरचना कस्तो छ भन्नेतर्फ केन्द्रित हुनु जरूरी छ । नेपाली समाज बहुसांस्कृतिक, बहुभाषिक, बहुजातीय र बहुधार्मिक भौगोलिक विविधतायुक्त समाज हो । यसभित्र पर्ने सबै समुदायको आर्थिक तथा सामाजिक अवस्था समान छैन । राज्य सञ्चालनमा पहुँचको दृष्टिले हेर्ने हो भने खस-आर्य समुदायले नै विगत अढाइ सय वर्षदेखि राज्यको नेतृत्व गर्दै आएको छ। अन्य बहुसंख्यक आदिवासी, जनजाति, मधेशी, थारू, दलित, मुस्लिम लगायत समुदायहरू राज्य शक्तिको प्रयोग र अवसरबाट विमुख हुँदैआए ।

सरकारी जागिर लगायत शासन सञ्चालनका सबै अवसरहरूमा खसआर्य समुदायको अघोषित कोटाको रूपमा प्रभुत्व कायम गरियो। यस प्रकारको कोटाको रूपमा रहेको एकल वर्चस्वको विरूद्धमा तत्कालीन नेकपा माओवादी पार्टीको सशस्त्र विद्रोह र दोस्रो जनआन्दोलनपछि सशक्त मधेश आन्दोलन र थारू आन्दोलन भयो। अहिले बंगलादेशमा भए जस्तो आन्दोलन शासन व्यवस्थामा रहेको पहाडे तथा खसआर्यको एक प्रभुत्व विरूद्ध मधेश र थारू आन्दोलन भइसकेको छ। त्यसकै आधारमा नेपालले समावेशी व्यवस्थालाई संवैधानिक रूपमा संस्थागत गरेको छ । संविधानले व्यवस्था गरेको विद्यमान समावेशी व्यवस्था विरूद्ध आन्दोलन गर्नु वा यस प्रणालीलाई खारेज गर्छु भन्नु भनेको फेरि पनि कुनै खास वर्ग तथा समुदायको मात्र हालीमुहाली हुनुपर्छ भन्नु हो जुन लोकतन्त्र र सामाजिक न्यायको लागि अधोगतिको यात्रा हो। किनभने नेपालमा लागू गरिएको कोटा तथा आरक्षण प्रणाली नेपाली जनताले लोकतन्त्रका लागि लामो समयदेखि गरेको आन्दोलनको उपज हो। यसको संरक्षण तथा प्रवर्धन गर्नु लोकतान्त्रिक व्यवस्थाको दायित्व हो। शासन व्यवस्थाको कमजोरीकै कारण लामो समयदेखि समाजमा पछिपरेका वर्ग तथा समुदायलाई समान पहुँचमा ल्याउनु लोकतन्त्रको अविच्छिन्न चरित्र हो। जुन समुदाय त्यही समुदायमा जन्मेकै कारण वर्षौंदेखि उपेक्षित हुँदै आएको छ भने त्यस्तो समुदायलाई सरकारले विशेष किसिमको नीति अंगीकार गरी थप लगानी गर्नुपर्छ भन्ने मान्यतामा आधारित भएर नै समावेशीकरण र सबलीकरणको अवधारणा आएको हो।

विश्वका धेरै लोकतान्त्रिक देशहरूले अवलम्बन गर्दै आएको हो समावेशीकरण र सबलीकरणको अवधारणा । उदाहरणको लागि अष्ट्रेलियामा आदिवासीहरू कुल जनसंख्याको तीन प्रतिशतको हाराहारीमा छन्। उनीहरूको आर्थिक-सामाजिक अवस्था गैरआदिवासी अष्ट्रेलियनको तुलनामा निकै नाजुक छ। सन् १९७० भन्दा अगाडि उनीहरूलाई शिक्षामा वञ्चित गरिएको थियो। विशेषगरी सन् १९९० पछि अष्ट्रेलियन सरकारले शिक्षा, स्वास्थ्य र रोजगार लगायत क्षेत्रमा उनीहरूलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको छ। राज्यले इतिहासमा आदिवासीहरूमाथि गरेको दमनलाई स्वीकार गर्दै सन् २००८ मा अष्ट्रेलिया सरकारले त्यहाँका आदिवासीसँग राष्ट्रियस्तरमा माफी मागेर पर्याप्त बजेट सहितको 'क्लोजिङ्ग द ग्याप' भन्ने बृहत् कार्यक्रम लागू गरेको छ। त्यसपछि सरकारी लगायत निजी क्षेत्रमा सेवा, सुविधा र अवसरहरूमा उनीहरूलाई पहिलो प्राथमिकता दिइन्छ ।

प्रत्येक विद्यालय र विश्वविद्यालयहरूमा आदिवासी सहयोग केन्द्रको स्थापना गरिएको छ । यसका लागि राज्यले करोडौं डलर बजेट छुट्याउने गरेको छ। त्यस्तै न्युजिल्याण्ड सरकारले त्यहाँका मौरी आदिवासीहरूको लागि मौरी दिगो विकास कार्यक्रम नै सञ्चालन गरेको छ । क्यानाडा सरकारले पनि त्यहाँका मेटिस, उत्तर अमेरिकन इण्डियन र इनुइट समुदायको लागि सम्मान, महत्व, साझेदारी र उत्तर दायित्व सहितको समावेशी प्रणालीमा आधारित भएर विशेष शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यी लगायत विश्वका धेरै देशहरूले पिछडिएको समुदायको लागि खास प्रकारको नीतिगत व्यवस्था गरेका छन्। यसले के प्रष्ट्याउँछ भने सामाजिक रूपमा पछि पारिएका समुदायलाई आर्थिक समृद्धि सँगै लिएर अगाडि हिंडिएन भने उनीहरू विकासमा पछाडि नै छोडिन सक्छन्। कुनै कालखण्डमा गएर उनीहरूलाई पनि सँगै लिएर जानुपर्ने हुन्छ त्यो अवस्था निकै महँगो पर्न जान्छ। त्यसैले उनीहरूका लागि विशेष किसिमको नीतिगत व्यवस्था गरेर सुरूदेखि नै सँगै लिएर जानु नै विकासका लागि उत्तम उपाय हो ।

नेपालमा लामो समयदेखि शासन र प्रशासनमा खस-आर्य समुदायको वर्चस्व रहँदै आएको दोष उक्त समुदायको वर्तमान पुस्ताका सबैलाई दिन नमिल्ला तर विगतमा सोही सत्ताले गरेको विभेदपूर्ण व्यवहारकै कारण आजसम्म बहुसंख्यक समुदाय उत्पीडनमा परेका छन् । समाजमा विभेदको स्थिति कायमै छ। दलित, आदिवासी-जनजाति, मधेशी, थारू, महिला लगायत समुदायले अझै विभेदको पीडा भोगिरहेका छन्। त्यसमा पनि दलितहरूको अवस्था झनै पीडादायी छ। उनीहरूले विद्यालयभित्र बसेर पढ्न पाएको धेरै भएको छैन ।

कानुनले जातीय छुवाछूत तथा विभेद वर्जित गरे पनि व्यवहारमा अन्त्य हुनसकेको छैन। अझै पनि निजी स्थानको त के कुरा, विद्यालय लगायत सार्वजनिक स्थानमा समेत छुवाछूत र विभेद कायम नै छ । अन्य समुदायको तुलनामा अधिकांश दलितहरूको सामाजिक तथा आर्थिक स्तर निकै नै कमजोर छ। त्यसले गर्दा उनीहरूले सम्मानपूर्वक जीवनयापन गर्ने अधिकारबाट वञ्चित हुनुपरेको छ । आदिवासी-जनजाति, मधेशी र महिलाहरूको अवस्था योभन्दा अलिक भिन्न र सुधारोन्मुख छ। यद्यपि राज्यसत्तामा उनीहरूको पहुँच न्यून रहेको छ । जातीय र लैंगिक विभेद अझै विद्यमान छ । यस प्रकारका समस्याहरू खास समुदायको मात्र नभएर राज्यको समग्र समस्या हो। त्यसैले तुलनात्मक रूपमा बढी अवसरहरू प्राप्त गरिरहेको एकल वर्चस्वशाली समुदायले पनि यो सिंगो समाजको अर्थात् देशको समस्या हो भनेर महसुस गर्नुपर्ने बेला आएको छ।

नेपाल सरकारले विगतमा शासन व्यवस्थाको विभेदकारी व्यवहारका कारण उत्पीडनमा परेका समुदायको हित प्रवर्धन गर्नुपर्ने कुरालाई हृदयङ्गम गर्दै नीतिगत र संस्थागत व्यवस्था गरेको छ। नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। यसका साथै मौलिक हक अन्तर्गत संविधानको धारा १६ देखि ४६ सम्म नागरिकको सामाजिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय हकहरूको व्यवस्था गरेको छ ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ मा निजामती सेवामा दलित, आदिवासी-जनजाति, मधेशी, महिला, पिछडिएको क्षेत्र र फरक क्षमता भएकाहरूको लागि आरक्षणको व्यवस्था गरेको छ। निजामती सेवामा मात्र हैन सरकारी सेवाका प्रायः सबै क्षेत्रमा उपेक्षित समुदायको लागि आरक्षणको व्यवस्था गरेको छ। साथै, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी

*बाँकी पेज ३ मा*

## थप बलियो …… . .

आयोग, थारू आयोग, मुस्लिम आयोग जस्ता संवैधानिक आयोगको व्यवस्था गरेको छ । यो व्यवस्था आरक्षणको अवसर मा नपरेका अन्य समुदायको हक खोस्न वा अवसर खुम्च्याउन नभएर उपेक्षित समुदायको राज्यमा पहुँच अभिवृद्धि गर्दै दिगो तथा सामेली विकास गर्ने अभिप्रायले ल्याइएको हो।

नेपाल अहिले विकासलाई द्रुत गतिमा अगाडि बढाउन प्रयासरत रहेको छ। संविधानसभाबाट निर्मित संविधान, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, संघ, प्रदेश र स्थानीय तहको निर्वाचनबाट दुई तिहाइ बहुमतको सरकार नेपालले प्राप्त गरेका महत्पपूर्ण राजनीतिक उपलब्धिहरू हुन्। वर्तमान सरकारले मुलुकलाई २१०० सालसम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने उद्देश्यले २५ वर्षे दीर्घकालीन विकासको सोच अघि सारेको छ । यही बीचमा दिगो विकासका लक्ष्यहरू समेत प्राप्त गर्नुपर्ने दायित्व खडा भएको छ। नेपालका लागि सबै दृष्टिकोणबाट विकासलाई दिगो बनाउने यो ठूलो अवसर पनि हो। किनकि अहिले हामी विकासका हरेक सवालहरूमा निर्माणाधीन अवस्थामा छौं। यस्तो अवस्थामा सामाजिक विकासको महत्वपूर्ण अवयवको रूपमा रहेको सीमान्तकृत समुदायको समावेशीकरण, सबलीकरण तथा सशक्तीकरणलाई किन जोड नदिने। यदि आर्थिक समृद्धिको नारालाई मात्र अघि सारेर मुलुकको समग्र विकास गर्ने यो ऐतिहासिक मौकालाई बेवास्ता गर्ने हो भने आर्थिक समृद्धि भइनै हाल्यो भने पनि त्यो दिगो हुने सुनिश्चितता हुँदैन। विश्वका धेरै देशहरू आर्थिक विकासमा अगाडि रहेर पनि सीमान्तकृत समुदायको समस्यालाई बेवास्ता गर्दा द्वन्द्वमा फर्केका कैयौं उदाहरण छन्।

त्यसैले देश सबैको हो भन्ने भावनालाई आत्मसात् गर्दै सबैको भावना प्रतिबम्बित हुने विकास हामीले रोज्नुपर्छ। विकासका धेरै सारथिलाई छोडेर कुनै एक वर्ग, एक लिंग, एक क्षेत्र, एक समुदाय र एक भाषा मात्र अगाडि हिंड्न खोज्ने हो भने त्यस्तो विकासको यात्रा सही गन्तव्यमा पुग्न सक्दैन। त्यसैले मुलुकको दिगो विकासको दृष्टिले पनि अहिलेको समावेशी व्यवस्था प्रति पहिलेदेखि अवसर लिंदै आएको समुदायले केही न केही उद्धार बन्नै पर्छ। उपेक्षित समुदायको समस्या उनीहरूको मात्र समस्या नभएर वर्चस्वशाली समुदायको पनि समस्या हो अन्ततः यो मुलुकको समग्र समस्या हो र यो हाम्रो अन्तर्राष्ट्रिय प्रतिष्ठाको विषय पनि हो, यसलाई सबै मिलेर हल गर्नै पर्छ भन्ने सोच राखियो भने सबैको लागि हित हुन सक्छ। खायौं त खायौं हाम्रै क्षमताले खायौं, सक्छौ भने तिमीहरू पनि आउ हामी जस्तै सक्षम बन, कसले रोकेको छ भन्ने जस्ता द्वेषपूर्ण सोचाइले आधुनिक सभ्य समाजको निर्माण हुन सक्दैन। सयौं वर्षदेखि पिल्सिएको समुदायलाई प्रतिस्पर्धाको त्यो लडाइँमा आउन त्यति सजिलो छैन। जसका लागि सरकारले विशेष प्रकारको व्यवस्था गर्नुपर्छ भनिएको हो।

यसका साथै सीमान्तकृत समुदाय राज्यको नीति निर्माण तथा कार्यान्वयन तहमा पुग्नु भनेको उक्त समुदायको हित प्रवर्धन गर्ने बनेका कानुनहरू मर्म अनुसार कार्यान्वयन हुन्छन् र सामाजिक न्याय स्थापित गर्न सहयोग पुग्छ भन्ने पनि हो। जस्तै नीति निर्माण तहमा पुगेको एउटा दलितलाई छुवाछूतको विषय कानुन अनुसार दण्डनीय हो भन्ने जति महसुस हुन्छ गैरदलितलाई नहुन पनि सक्छ। महिला, मधेशी तथा जनजातिको हकमा यही अवस्था लागू हुन्छ।

मुलुकको दिगो विकासका लागि समावेशी लोकतन्त्रको मान्यतामा आधारित भई शासन प्रणालीमा सीमान्तकृत समुदायको पहुँच अभिवृद्धि गर्न सबै पक्षबाट जिम्मेवार भएर सोच्नु जरूरी छ। यसमा खस–आर्य समुदायका प्रगतिशील युवाहरूले अझ बढी सहयोग र समर्थन गर्नु मुलुकका लागि हितकारी हुन जान्छ। समावेशीकरणको एउटा महत्वपूर्ण पक्षको रूपमा रहेको आरक्षण प्रणाली विरूद्ध अझै पनि वैर भाव राख्ने हो भने सरकारले तय गरेको मुलुकको समृद्धि र विकासको यात्रा सफल होला भन्न सकिन्न। सबैको सम्मान र सहभागिताले मात्र मुलुकको समृद्धि सम्भव छ ।

# यि सूत्र जसले बालबालिकालाई संस्कार सिकाउँछ

बाल संस्कारको अर्थ हुन्छ– जन्मेदेखि वयस्क हुँदासम्म उसलाई शिक्षित तथा संस्कारित तुल्याइनु । बालबालिका शिशु हुँदादेखि नै आमाबाबुका साथमा रहन्छन् । बालबालिकाहरू बाबुभन्दा पनि आमासँग अझ बढी नजिक हुन्छन् । उनीहरूले धेरै कुरा आमाबाट नै सिक्ने, पछ्याउने र अनुसरण गर्ने गर्छन् ।

हाम्रो समाजमा बाबु कमाइमा व्यस्त हुने हुँदा बाबुभन्दा पनि आमा नै बालबालिकाको निकट हुन्छन् । कतिपय शिशुका साथमा हजुरबा र हजुरआमा पनि रहन्छन् । कसैको भने हजुरबा र हजुरआमामध्ये एक जना मात्र पनि हुन सक्छन् । हजुरबा र हजुरआमाबाट पनि शिशुहरू वयस्क नहुँदासम्म थप केही पुराना संस्कारहरू पनि सिक्न सक्छन् । बाबुआमा दुवै व्यस्त हुने अवस्थामा भने शिशुकक्षा तथा आजभोलिको चलनअनुसार मन्टेश्वरी स्कुलमा पनि बालबालिका जिम्मा लगाइन्छ ।

शिशुलाई सानैमा यस्ता संस्थालाई जिम्मा लगाउँदा कतिपय संस्कारबाट बालबालिका वञ्चित हुनसक्छन् । पैसा नै ठूलो कुरा होइन भनेर बाबुआमामध्ये कुनै एकजना घरमै रहँदा राम्रो हुन्छ । विशेषगरी आमाहरू बालबालिकाका लागि गम्भीर भएर उनीहरूको हेरचाह गर्न सक्छन् ।

*बाल संस्कारका लागि आवश्यक सूत्र*

सकेसम्म बालबालिकालाई वयस्क नहुञ्जेल बाबुआमाका साथमा राख्नुपर्छ । केही नलागेमा मात्र शिशु स्याहार संस्थामा भर्ना गर्नुपर्छ । तर समय–समयमा बालबालिकाको अवस्थाका बारेमा संस्थासँग बुझ्नु जरूरी हुन्छ । त्यसका लागि संस्थाका सम्वद्ध जिम्मेवार व्यक्तिसँग समय–समयमा अन्तरक्रिया गर्नुपर्छ । बाल संस्कारका लागि देहाय बमोजिम कुराहरूमा ध्यान दिनु आवश्यक छ ।

*आधुनिक जीवनशैलीलाई कम प्राथमिकता :* आधुनिक जीवनशैलीले बालबच्चालाई जिद्दी स्वभावको बनाउन सक्ने हुँदा यसतर्फ विशेष चनाखो हुनु जरूरी छ । कृत्रिम पेयपदार्थ भन्दा शुद्ध र सफा पानी पिउने बानी बसाल्नुपर्छ । चकलेट र बिस्कुटमा भन्दा घरमै बनाएको रोटी खानमा जोड दिनुपर्छ । बालबालिकालाई सकेसम्म बजारको खानेकुराबाटै टाढै राख्नुपर्छ ।

**शारीरिक विकास :** साइकल चलाउन सकिने र साइकल किन्न पाइने ठाउँमा उमेरअनुसारको बनावट वा आकार का साइकल सिकाउनु राम्रो हुन्छ । जसले गर्दा व्यायाम हुने र खान पनि रूच्ने र पच्ने हुँदा उनीहरूको शारीरिक विकास सहज रूपमा हुन्छ । बालक ठूलो हुँदै जाँदा शरीरका लागि सन्तुलित भोजनको आवश्यकता पर्ने हुँदा सोही अनुसार खानपानमा ध्यान दिनुपर्छ । उनीहरूलाई खाली समयमा दौडिन र उफ्रिन पनि सिकाउनुपर्छ । घर वरपर वा छेउछाउमा भौगोलिक बनावट हेरेर उपयुक्त खालका खेल खेल्न लगाउनुपर्छ ।

**मानसिक विकास :** बालबालिकालाई बेलाबेलामा उनीहरूको मानसिक विकासका लागि उमेर र कक्षा अनुसारका प्रश्नहरू सोध्नुपर्छ । गलत जवाफ दिएमा रिसाएर होइन हाँसेर फेरि सोध्नुपर्छ । लुँडोभन्दा चेस खेलमा बढी लगाव हुने किसिमले सिकाउनुपर्छ । बाघचाल पनि मानसिक विकासका लागि उत्तम खेल मानिन्छ । सकेसम्म मोबाइलमा उपलब्ध डिजिटल गेमहरू खेल्नबाट बचाउनुपर्छ । मोबाइलमा गेम खेल्ने लत लागेपछि छुटाउन गाह्रो हुने र गर्धन दुख्ने, आँखा पोल्ने जस्ता शारीरिक समस्या उत्पन्न हुने हुँदा यसतर्फ पनि अभिभावकले विशेष ध्यान दिनु जरूरी हुन्छ ।

**मोबाइलबाट टाढा राख्ने :** हिजोआजका बालबालिकाले बाबुआमाको हातबाट मोबाइल खोस्ने र जिद्दी गर्ने देखिएको पाइन्छ । बालबालिकाको हातमा परेको मोबाइलमा कतैबाट फोन आएमा फोन नै काटिदिने र आफूखुसी किसिमले मोबाइल चलाउने गर्दा अभिभावकलाई समस्या थपिन सक्छ । वास्तवमा बालबालिकालाई मोबाइल दिनु गलत कार्य हो ।

**बाबुआमा झगडा नगर्ने :** बालबालिकाको अगाडि बाबुआमा विवाद गर्ने, झगडा गर्ने जथाभावी वाकयुद्ध गर्ने वा मनपरी बोल्ने र तल्लास्तरका शब्दहरू प्रयोग गर्नाले बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पर्ने सम्भावना ज्यादा रहन्छ । त्यसैले यसतर्फ विशेष ध्यान दिनु आवश्यक छ । छिमेकका बालबालिकालाई समेत माया गर्दा आफ्ना बालबालिकामा सकारात्मक सन्देश जान्छ । बालकालिकाको संगत राम्रा साथीहरूसँग छैन भने यसतर्फ अभिभावकले गम्भीर विचार गर्नुपर्छ र त्यस्तो संगतलाई न्यूनीकरण गर्नेतर्फ ध्यान दिनुपर्छ ।

**घरमै शिक्षा :** बालबालिकाका लागि शिक्षादीक्षाका निमित्त पाठशालामा मात्र भर पर्नुहुँदैन । घरमा पनि बाबुआमाले उनीहरूलाई थप शिक्षा दिनुपर्छ । बाल संस्कारको यो महत्वपूर्ण पाटो पनि हो । उनीहरूका नराम्रा व्यवहारलाई हटाउने प्रयत्न गर्ने र राम्रा व्यवहारमा उत्प्रेरित गर्नुपर्छ ।

**महंगो विद्यालय मात्र नरोज्ने :** महंगो विद्यालय भन्दैमा स्तरीय शिक्षा प्राप्त हुन्छ भन्ने छैन । विद्यालयको स्वरूपभन्दा पनि त्यहाँका शिक्षकको योग्यता र दक्षताबारे जानकारी लिएर मात्र विद्यालयमा भर्ना गरिदिनुपर्छ ।

**सकेसम्म बोर्डर्स नगर्ने :** बोर्डर्स गरेका बालबालिका बोर्डर्स नगरेका बालबालिकाभन्दा फरक स्वभावका हुन्छन् । उनीहरूमा अभिभावकप्रतिको भावनात्मक सम्बन्ध कम हुन्छ । किनकि उनीहरू बाबुआमाको समीपमा नरहँदा आफूखुसी गर्ने बानी बसिसकेको हुन्छ । उनीहरूमा अटेरी गर्ने र भनेको नमान्ने तथा हँसमुखको अभाव हुने कुरामा कुनै सन्देह छैन ।

अभिभावकले कामलाई मात्र महत्व दिंदा र बालबालिकालाई विद्यालयमा बोर्डर्स गर्दा उनीहरूमा त्यसको नकारात्मक असर पर्छ । अभिभावकले पैसा मात्र सबथोक होइन भन्ने सोच राख्नुपर्छ ।

**बाल मनोविज्ञानमा ध्यान दिने :** शब्दकोश अनुसार मनोविज्ञानको अर्थ मनमा उब्जिने विविध विचार, मनको प्रकृति, अवस्था, क्रियाकलाप आदिको विस्तृत विवेचना गर्ने विज्ञान वा शास्त्र हो । मानिसको मनको अध्ययन गर्ने विज्ञान नै मनोविज्ञान हो । बालबालिकाको मनोविज्ञानलाई नै बाल मनोविज्ञान भनिन्छ । बालबालिकाको विचार, अवस्था र क्रियाकलापबारे जानकारी हासिल गर्नु कुनै पनि अभिभावकको कर्तव्य हुन आउँछ ।

**सकारात्मक सोचको विकासः** बालबालिकामा देखिने अस्वाभाविक अर्थात् नकारात्मक व्यवहारलाई न्यूनीकरण गर्नका लागि उनीहरूमा सकारात्मक सोचको विकास गर्नका निमित्त बाबुआमाले विशेष ध्यान दिनु आवश्यक हुन्छ । अभिभावकले आफ्ना बालबालिका खुसी छन् कि छैनन् उनीहरूको व्यवहार हेरेर थाहा पाउन कोसिस गर्नुपर्छ । अस्वाभाविक व्यवहार देखिएमा उनीहरूलाई सम्झाउने गर्नुपर्छ । यसका लागि बाबुआमामा कर्तव्यबोध हुनु जरूरी छ ।

**नजिक विद्यालय भए बस नचढाउने :** बालबालिकाको विद्यालय नजिक छ भने उनीहरूलाई घरबाट विद्यालयसम्म हिंडेर जाने बानी बसाल्नुपर्छ । साना बालबालिकाको हकमा सुरक्षित किसिमबाट विद्यालयसम्म लैजाने र ल्याउने गर्नु उपयुक्त हुन्छ । यसबाट उनीहरूको शरीरमा कसरत पनि हुने, पाचन प्रणाली सही हालतमा रहने र बसको लागि खर्च जोगिने हुन्छ ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुंच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# हासु एफसी मनहरीलाई प्रथम मिलन-धर्मराज स्मृति फुटबलको उपाधी

◆ विकास संवाददाता

मनहरी गाउँपालिका-८ बेलुवामा भएको प्रथम मिलन(धर्मराज स्मृति खुला नकआउट फुटबल प्रतियोगिताको उपाधी हासु एफसी मनहरीले जितेको छ। हासु एफसी मनहरीले कैलाश गाउँपालिकाको टिमलाई ३-० गोल अन्तरले पराजित गर्दै उपाधिरक्षा गरेको हो।

एफसी मनहरीका लागि विदेशी खेलाडी ग्लोरीले पहिलो हाफमा १ गोल र दोस्रो हाफमा १ गोल गरी २ गोल गर्न सफल भए। दोस्रो हाफमा मोहित गुरूङले १ गोल थपे। ग्लोरी र मोहितको गोलले मनहरीलाई उपाधि जिताएको हो। फाइनल खेलको म्यान अफ द म्याच हासुका जीत थापामगर घोषित भएका छन्। प्रतियोगितामा १२ वटा क्लवको सहभागिता रहेको थियो। प्रतियोगिताको बिजेताले एक लाख र उपविजेताले ५० हजार रूपैयाँसहित टूफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगिताको विजेता र उपविजेता टिमलाई मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले पुरस्कार वितरण गरेका थिए।



प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै आयोजक सिम्पानी युथ क्लबका खेलाडी राहुल थापामगरले ७ हजार रूपैयाँ प्राप्त गरे। मगरलाई सानिमा लाइफ इन्सुरेन्सले ५ वर्षसम्मका लागि ५ लाख रूपैयाँ बराबरको जीवनबीमा गरिदिएको छ। प्रतियोगिताको उत्कृष्ट गोलरक्षक हासुका बाबुराम चौधरी, उत्कृष्ट डिफेन्डर हासुकै छिरिङ लामा, मिडफिल्डर हासुकै राज थापामगर र सर्वाधिक गोलकर्ता कैलाशका अनिश चौधरी घोषित भएका छन्। उनीहरूलाई जनही ५ हजार रूपैयाँसहित टूफि प्रदान गरिएको छ।

गत २०७९ पुस २८ गते सवारी दुर्घटनामा ज्यान गुमाएका सिमपानी युथ क्लवका खेलाडीद्वय मिलन र धर्मराज मोक्तानको स्मृतिमा क्लवले पहिलोपटक प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगिता २० असारबाट सुरू भएको थियो।

# मनहरीका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत चौलागाईंसहित तीन जना विरूद्ध अख्तियारमा मुद्दा

◆ विकास संवाददाता

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ८१ स्थानीय तहका विभिन्न व्यक्तिविरूद्ध भ्रष्टाचार मुद्दा चलाएको छ। जसमा मकवानपुरको मनहरी गाउँपालिका पनि परेको छ। आर्थिक वर्ष २०८०/८१ मा अख्तियारले ८१ स्थानीय तहका तत्कालीन अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, निमित्त प्रमुख प्रशासकीय अधिकृत, प्रशासन सहायक, वडाध्यक्ष, सव-इन्जिनियरसहितका पदमा कार्यर तलाई अख्तियारले मुद्दा चलाएको जानकारी दिएको हो।

जसमा गैर कानुनी लाभ हानी, घुस रिसवत, प्रतिकूल बकपत्र गरेको, राजश्व चुहावटसहितका कसुरहरू मुद्दामा समावेश छन्। मनहरी गाउँपालिकाको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईंसहित तीन जनालाई आर्थिक वर्ष २०८०/८१ मा अख्तियारले मुद्दा चलाएको उल्लेख छ। उनीहरूविरूद्ध अख्तियारले गैरकानुनी लाभ हानी शीर्षक अन्तर्गत् ३२ जेठ २०८१ मा विशेष अदालतमा अरोपपत्र दायर भएको अख्तियारले जनाएको छ। अख्तियारल तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित थप दुई जनाको नाम भने उल्लेख गरेको छैन। अख्तियारले सबै स्थानीय तहका गरेर ४ सय ३४ जनाविरूद्ध भ्रष्टाचार गरेको अभियोगमा मुद्दा चलाएको हो।

आर्थिक वर्ष सकिएलगत्तै स्थानीय तहविरूद्ध चलेका मुद्दाको एकीकृत विवरण आयोगले मंगलवार सार्वजनिक गरेको हो। जसको पहिलो नम्बरमा २०८० साउन ७ मा ओखलढुंगाको सिद्धिचरण नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सहित १० जनादेखि लिएर अन्तिम तथा ८१ औँ नम्बरमा हुम्लाको सर्केगाड गाउँपालिका तत्कालीन अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत सहित ९ जना विरूद्ध मुद्दा चलाएको छ। जसमध्ये सबैभन्दा बढी सिरहाको नवराजपुर गाउँपालिका अध्यक्ष विश्वमोहनप्रसाद यादव, उपाध्यक्ष शोभाकुमारी यादव र प्रमुख प्रशासकीय अधिकृत अमरेन्द्र कुसियैतसहित १४ जना विरूद्ध मुद्दा चलेको छ। दोस्रोमा रोल्पाको गंगादेवी गाउँपालिकाका उपाध्यक्ष रीता घर्ती र प्रमुख प्रशासकीय अधिकृत सकलदेव यादव सहित १३ जना र सुर्खेतको भेरीगंगा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद पौडेल सहित १३ जना विरूद्ध नै मुद्दा चलेको छ। कतिपय स्थानीय तहमा काम गर्न नसकेका कारण पनि अख्तियार दुरूपयोग भएको पाइएको छ।

# जम्मकट्टेल नेतृत्वको बागमती सरकारः कार्यकालको बेलीविस्तार

◆ विकास संवाददाता

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले आफ्नो कार्यकालमा गरेका कामहरूको विवरण ६ साउनमा सार्वजनिक गेका छन्। मुख्यमन्त्री कार्यालयमा आयोजित कार्यक्रमका अवसरमा डेढवर्ष अवधिमा प्रदेशका मन्त्रालयहरू मार्फत गरिएका कामको विवरण समेटिएको पुस्तक समेत सार्वजनिक गरेका हुन्।

आफ्नो कार्यकालमा धेरै राम्रा र सफल कामहरू गरेको उनको दाबी छ। बिशेषगरी भौतिक पूर्वाधारको क्षेत्रमा धेरैनै काम गरिएको उनले बताए। मन्त्रालयका मन्त्रीहरू, सचिबहरू र पत्रकारहरू सहित सहभागी कार्यक्रममा आफ्नो कार्यकालमा गरिएका कामको विवरण सार्वजनिक गर्दै धेरै महत्वपूर्ण कामहरू भने गरिसकेको बताए। मुख्यमन्त्री तथा मन्त्री परिषद्को आयोजनामा पत्रकार सम्मेलनमार्फत प्रदेश सरकारले गरेका प्रमुख कार्यहरूको पुस्तिका सार्वजनिक गरिएको हो।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल, कृषि तथा पशुपन्छी विकास मन्त्री डा.राजेन्द्रमान श्रेष्ठ र युवा तथा खेलकुद मन्त्री रमा आलेमगरले संयुक्त रूपमा प्रदेश सरकारले गरेका प्रमुख कार्यहरूको पुस्तिका सार्वजनिक गरेका हुन्। २०७९ माघ २५ गते मुख्यमन्त्रीमा नियुक्त भएका जम्कट्टेलले सरकार मिलेर बन्नुपर्ने बताउँदै यो अवधिमा तीन पटक विश्वासको मत लिएको जानकारी दिए। पत्रकार सम्मेलनमा बोल्दै उनले प्रदेशलाई संस्थागत विकास गर्न प्रदेश सरकारले सशक्त भूमिका खेलेको स्पष्ट पारे।

तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार बनेपछि राष्ट्रिय समन्वय परिषद् र तीन तहको कार्य विस्तृतीकरण बैठकमा प्रदेश सरकारलाई अधिकार दिनुपर्ने आवाज उठाई रहेको स्मरण गराए। करिब डेढ वर्षको अवधिमा विभिन्न पार्टीसँग समन्वय गरेर अगाडि बढिरहेको सन्दर्भमा गत आर्थिक वर्षमा प्रदेश सरकारको आर्थिक प्रगति उच्च गर्न सकेको दाबी गरे। उनले प्रदेश सरकारले विकास निर्माणका कार्य धेरै गरेको बताउँदै डेढ वर्षको अवधिमा झन्डै छ सय मिटर सडक कालोपत्रे, पाँच दर्जन पक्की पुल निर्माण सम्पन्न भएको जानकारी दिए।

नीतिगत कामहरू पनि धेरै भएको जानकारी दिदैँ मुख्यमन्त्रीले संगठन संरचना पास गराउनुका साथै जिल्लाहरू मार्फत सेवा केन्द्रबाट आम जनतालाई सेवा दिइरहेको बताए। प्रादेशिक गुरू योजनामार्फत प्रदेश लोकमार्ग र प्रदेश राजमार्ग निर्माण धमाधम गरेको जिकिर गर्दै भौतिक पूर्वाधारको क्षेत्रमा महत्त्वपूर्ण काम गरेको स्पष्ट पारे। करिब चार सय हेक्टरभन्दा माथि सिँचाइ र खानेपानी आयोजना सम्पन्न भएको बताउँदै उनले समुदायमा आधारित उत्पादन मोडेलका लागि ५१ वटा स्थानीय तहसँग सहकार्य गरेर कार्य गरेको बताए। पाँचवर्षे योजनासहित ३५ पालिकामा गृहिणी महिला उद्यमशील कार्यक्रम सुरूवात गरिएको छ। दलित, चेपाङ विकास कार्यक्रम, सामुदायिक विद्यालय सम्बन्धी नीति, खेलकुद, भाषा, कला, संस्कृति लगायतका कार्यहरू गरेको उनको भनाइ छ।

विकासको मूल नेतृत्व प्रदेश सरकारले गरेको जिकिर गर्दै राम्रो कुराको प्रचार गर्न र गलत कुराको खबरदारी गर्न पनि उहाँले पत्रकार सम्मेलनमा आग्रह गरे।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं।

- जन्म, मृत्यू, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं। स्वच्छ र शान्त वातावरण कायम गरौं।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# बज्रवाराहीमा पालुङ बहुउद्देश्यीय सहकारीको वित्तीय साक्षरता कार्यक्रम

◆ विकास संवाददाता

थाहा नगरपालिकामा क्रियाशील पालुङ बहुउद्देश्यीय सहकारीहरुसँग आवद्ध सहकारीकर्मीहरू लगायत शेयर सदस्यहरूमा वित्तीय साक्षरताको ज्ञान सिप प्रदान गरी आर्थिक उन्नती गर्दै वित्तीय स्वतन्त्रता तर्फ शेयर सदस्यहरूलाई अग्रसर गराउने उद्देश्यले एक दिने वित्तीय साक्षता तालिम थाहानगरको बज्रबाराहीमा भएको छ । कार्यक्रममा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका बज्रवाराही सेवा केन्द्र अन्तर्गतका महिला समूहका पदाधिकारीहरू तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

वित्तीय साक्षरता तालिममा वित्तीय साक्षरताको परिचय, महत्व र आवश्यकता, वित्तीय योजना, आवश्यकता र चाहना, खर्चको वर्गीकरण तथा अभिलेकिरण एवम विश्लेषण, पारिवारिक वजेट, बचत, ऋण तथा,बचत योजना, वित्तीय संस्थाको चिनारी एवम छनौट, उद्यमशिलता विकास र जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू जस्ता विषयमा सहजीकरण गरिएको थियो । तालिममा सहकारी संस्थाका कार्यसमितिका सदस्यहरू एवम्




वडा न ६,९ र १० भित्र रहेक आयआर्जन समुहका महिला तथा पुरुष सदस्यहरूको सहभागिता रहेको थियो ।

तालिमको उदघाटन संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टको अध्यक्षता तथा संस्थाका पुर्व उपाध्यक्ष सानोभाइ कार्कीको प्रमुख आतित्थ्यमा भएको थियो । उदघाटनमा संस्थाका उपाध्यक्ष अरूण रायमाझीले तालिमाको उद्देश्य माथि प्रकाश पार्दै स्वगत मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमका प्रमुख अतिथी सानोभाई कार्कीले सहकारीहरूले वित्तीय साक्षरताका विषयलाई गम्भिरता पूर्वक सिकी आफ्ना सदस्य माँझ लैजानका लागि अनुरोध गरे । उनले तिन खम्बे अर्थनीति अन्तरगत सहकारी क्षेत्र पनि एक भएको र ग्रामिण क्षेत्रमा सबै प्रकारका समुदायहरूको पहुँच सहकारीमा रहने हुनाले अर्थतन्त्रको विकास एवम विस्तार र सदस्यको आर्थिक सम्बृद्धिमा सहकारीको अहम भूमिका रहने उल्लेख गरे ।

संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले सहजीकरण गरेको वित्तीय साक्षरता कार्यक्रमलाई संस्थाका सचिव नवराज बिष्टले संचालन गरेका थिए । एक सय भन्दा बढी महिला सदस्यहरूको सहभागिता रहेको कार्यक्रममा संस्थाका कार्यसमिति सदस्यहरू, लेखा समिति संयोजक कालीचरण बस्नेत,व्यवस्थापक प्रकाश पौडेल, लेखा समिती सदस्यहरु नेकपा एमाले जिल्ला सदस्य हरी बहादुर गोपाली लगायतका संस्थाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# थाहासहित ३६ संस्थागत विद्यालयका २ सय ५७ जना विद्यार्थीलाई सम्मान

◆ विकास संवाददाता

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) मकवानपुरले एसईई २०८० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विषयगत शिक्षकहरूलाई सम्मान गरेको छ । ४ साउनमा हेटौंडामा कार्यक्रमको आयोजना गरेर प्याब्सन मकवानपुरले जिल्लामा रहेका ३६ वटा संस्थागत विद्यालयका २ सय ५७ जना विद्यार्थीहरूलाई सम्मान गरेको हो । प्याब्सनले सम्मान गरेका विद्यार्थीहरूले एसइइ परीक्षामा ३.६ भन्दामाथि जिपिए हासिल गरेको मकवानपुरका अध्यक्ष बिनोद सुवेदीले जानकारी दिए ।




कार्यक्रममा जिल्लामै ४.० जिपिए प्राप्त गरेर सर्वोत्कृष्ट हुन सफल रीतिका छत्कुली र ३.९५ जिपिए ल्याई छात्रतर्फ उत्कृष्ट हुन सफल लखीन्द्रा मुखिया विनलाई विशेष सम्मान प्रदान गरिएको अध्यक्ष सुवेदीले बताए। प्याब्सन मकवानपुर का अध्यक्ष बिनोद सुवेदीले समग्र देशमा एसईईको नतिजा कमजोर रहेको अवस्थामा पनि मकवानपुरको नतिजा सन्तोषजनक रहेको बताए ।

जिल्ला प्रथम रीतिका हेटौंडा २ मा रहेको बालजागृति इंग्लिस बोर्डिङ स्कुल र लखीन्द्र थाहा नगरपालिका बज्रबाराहीमा रहेको सरस्वती विद्या मन्दिर इङ्लिस बोर्डिङ स्कूलबाट एसइइमा सहभागी भएका थिए। यस्तै ३।६ जिपिएमाथि ल्याएर सम्मानित हुनेहरूमा बालजागृति बोर्डिङका ३४, आधुनिक राष्ट्रिय माविका ३०, नवोदय शिशु सदनका २२, भुटानदेवी माविका १५, ज्ञानदीप माविका १५, ज्ञानोदय बालबाटिकाका नौजना लगायतका विद्यार्थीहरू छन् ।

कार्यक्रमकी प्रमुख अथिति हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले समग्र जिल्लामै एसइइको नजिता सुखद नरहेको भन्दै चिन्ता व्यक्त गरिन् । उनले शिक्षाको सुधारका लागि सर्वपक्षीय पहल आवश्यक रहेकोमा जोड दिइन् । स्थानीय सरकारले शिक्षामा सुधारका योजनासहित अगाडि बढिरहेको बताउँदै उनले सबैलाई हातेमालो गरेर अगाडि बढ्न आग्रह गरिन् ।

# थाहा नगरपालिकामा एकसाथ जापानिज भाषा, कोरियन भाषा र आयल्सको कक्षा शुरू

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा एकसाथ जापानिज भाषा, कोरियन भाषा र आयल्सको कक्षा शुरू गरिएको छ । काठमाडौँको बानेश्वर र कलंकीमा कार्यालय रहेको ग्लोबल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सीले थाहा नगरपालिकाको वडा नम्बर ३ थानाबजारमा कार्यालय स्थापना गरेर यी तीन थरीको कक्षा शुरू गरेको हो ।

तीनवटै कक्षा २ साउनबाट शुरू गरिएको ग्लोबल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सीका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत जीवन बस्नेतले जानकारी दिए । थाहा नगरपालिकामा कक्षा १२ उत्तीर्ण गरेर उच्च शिक्षाका लागि अमेरिका, युके, अष्ट्रेलिया, जापान, कोरिया, क्यानडा जस्ता मुलुकहरूमा जानेहरूको सत्या बढ्दै गरेको तर स्थानीय स्तरमा भाषा अध्ययनको अबसर नहुँदा खर्च, समय र पारिवारिक हिसाबले समस्या भोगिरहेकोले थाहामै कक्षा शुरू गरिएको बस्नेतको भनाइ रहेको छ । ग्लोबल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सीले थाहामा जापानिज भाषा र कोरियन भाषाको दैनिक ३/३ वटा कक्षा सञ्चालन




गरिरहेको छ भने आयल्सको एउटा कक्षा सञ्चालन गरिरहेको छ । विदेशमा अध्ययन गर्न जाँदा कुनै पनि विद्यार्थीको अँग्रेजी भाषाको क्षमता परीक्षणका लागि आयल्स पढ्नुपर्ने हुन्छ । यी कक्षाहरू सञ्चालनको लागि थाहानगर र नगर बाहिरबाट दक्ष तथा अनुभवी शिक्षकहरूको व्यवस्था गरिएको ग्लोबलका अर्का सञ्चालक रचना बस्नेतले जानकारी दिइन् । 'हामीलाई थाहाका विभिन्न भेगहरूबाट जापानिज, कोरियन, आयल्स अध्ययनका लागि फोन आइरहेको छ, उहाँहरूको समय अनुकूलता हेरेर थप कक्षाहरूको पनि व्यवस्था गर्दैछौं' उनले भनिन् ।

कुनैबेला काठमाडौंमा गएर जापानिज भाषाको कोर्श पुरा गरेकी थाहा-२ की रूपा विष्ट अहिले थाहानगरस्थित सोही इन्स्टिच्युटमा काम गर्छिन् । थाहा टाइम्ससित कुरा गर्दै उनले भनिन्, 'काठमाडौंमा गएर पढ्नुपर्दा खानबस्न, गाडीभाडा लगायत अन्य कुराभै बढी खर्च हुने, घरपरिवारबाट पनि टाढा । स्थानीय क्षेत्रमा निकै सहज अनि सुलभ पनि ।' यही कारण इन्स्टिच्युटमा विद्यार्थीहरूको आकर्षण बढिरहेको उनले बताइन् ।

प्रमुख कार्यकारी अधिकृत बस्नेतका अनुसार ग्लोबल इन्स्टिच्युट एण्ड कन्सल्टेन्सीले विदेशमा उच्च शिक्षाको लागि आवश्यक आधार, प्रक्रिया, लगानी आदिका बारेमा परामर्श पनि प्रदान गर्दै आइरहेको छ । संस्थाले अष्ट्रेलिया, अमेरिका, जापान, युके, कोरिया, फिनल्याण्ड, डेनमार्क लगायत ४० भन्दा बढी देशहरूमा 'स्टुडेन्ट भिसा' का लागि प्रक्रियामा सहजीकरण गरिरहेको उनले जानकारी दिए ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि
अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा बिभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

ट्याङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- बिभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

# रानीको कारोबार साढे ३५ लाख




◆ विकास संवाददाता

सर्वमान्य गणेशमान सिह वन संरक्षण प्रथम पुरस्कार प्राप्त गर्न सफल हेटौडा-६, चौघडामा रहेको रानी सामुदायिक वन समूहले आर्थिक वर्ष (आव) ०८०/०८१ मा साढे ३५ लाखको कारोबार गरेको छ। समूहले सालको चिरानी काठ विक्रीबाट २३ लाख २० हजार बाकल विक्री बाट १ लाख ५४ हजार दाउरा विक्रीबाट २ लाख ७४ हजार आम्दानी गरेको छ।

यसैगरी डिभिजन वन कार्यालयबाट ३ लाख ७१ हजार नवीकरणबाट ६७ हजार, नयाँ सदस्यता शुल्कबाट ६७ हजार आम्दानी गरेको कोषाध्यक्ष गोमा लामिछानेले बताईन। यसैगरि समूहले काठ चिरानी ज्यालामा १३ लाख १० हजार, कर्मचारी तलवमा ४ लाख ५० हजार, वन ब्यवस्थापनमा ४ लाख २५ हजार, सालकको मूती निर्माणमा २ लाख २५ हजार खर्च गरेको छ।

यसैगरि वृक्षारोपणमा ६५ हजार, बाकल ढुवानीमा ८२ हजार, पर्यटकिय क्षेत्र निर्माणमा ७० हजार, साधारणसभामा १ लाख ५५ हजार, वार्षिकोत्सवमा २५ हजार र अन्य कार्यमा २ लाख खर्च गरेको समूहले जनाएको छ। समूहले २०८० सालको बागमती प्रदेश स्तरीय प्रथम पुरस्कार, वन संरक्षण युवा पुरस्कार, वनदेवी पुरस्कार र जिल्ला स्तरीय पुरस्कार समेत प्राप्त गरिसकेको समूह अध्यक्ष विष्णुप्रसाद न्यौपानेले बताए ।विश्वमा लोपोन्मुख सालकको संरक्षण गरि यसको संख्यामा वृद्धि गर्ने काममा समेत समूह निरन्तर लागि परिरहेको छ। पर्यापर्यटकिय क्षेत्रको विकासका लागि समूहको ब्लक नं. ५ मा सालकको केज निर्माण गरिनुको साथै ब्लक नं ६ मा विपि गणेशमान स्मृति शान्तिपार्क समेत निर्माण भैरहेको छ।

वनको संरक्षण, ब्यवस्थापन, महिला समूह गठन, आयआर्जनमा वृद्धि, संस्थागत विकास र सामाजिक कार्य, स्वास्थ्य, शिक्षा लगायतका क्षेत्रहरूमा समेत काम गरि समूहले आफनो सामाजिक उत्तरदायित्व समेत पूरा गर्दै आएको समूहका कार्यालय सचिव भीमसेन पौडेलले बताए।

# ८४ हजार गाई र ११ लाख भेडाबाख्रालाई नि:शुल्क खोप

◆ विकास संवाददाता

बागमतीका कृषि तथा पशुपन्छी विकास मन्त्री राजेन्द्रमान श्रेष्ठले आफुले मन्त्रालयको कार्यभार सम्हालेपश्चात भएका कार्यहरूको प्रगति विवरण सार्वजनिक गरेका छन्। पत्रकार सम्मेलनको आयोजना गर्दै १४ महिने कार्यकालको प्रगति र आगामी आर्थिक वर्षका लागि समेटिएको योजनाहरू सार्वजनिक गरेका हुन्। यस अवधिमा १ हप्ते लम्पी स्किन डिजिज नियन्त्रण तथा रोकथामको लागि १ हप्ते अभियानलाई ४८ हजार ३६४ गाईमा नि:शुल्क रूपमा खोप लगाइएको बताइको छ।

कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकुल असर पार्ने प्राकृतिक र गैरप्राकृतिक विपदबाट प्रभावित किसानलाई हालसम्म २ करोड ३० लाख राहत रकम ५९ हजार ८३ रूपैयाँ कृषकको खातामा पठाइएको छ। भेडाबाख्रामा लाग्ने पिपिआर रोग नियन्त्रणका लागि बागमती प्रदेशको १३ वटै जिल्लामा सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी ११ लाख ४२ हजार ३२७ भेडा बाख्रालाई पिपिआर रोग विरूद्धको खोप लगाइएको जनाइएको छ। मत्स्यपालन क्षेत्र विस्तार तथा उत्पाकत्व वृद्धि गर्न १७.२९ हेक्टर क्षेत्रफलमा नयाँ पोखरी निर्माण गरी मत्स्यपालन गरिएको, पशु तथा क्लिनिक सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा 'एक वडा एक पशु स्वास्थ्य क्लिनिक' स्थापनाका लागि निमार्ण कार्य अन्तिम चरणमा रहेको, बागमती प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधिन शीत भण्डारहरूको निमार्ण कार्य ८६ प्रतिशत सम्पन्न भएको लगायतका उपलब्धिहरू भएको बताइएको छ।

त्यस्तै, मन्त्रालयले आर्थिक वर्ष ०८१/८२ का लागि विभिन्न कार्यक्रमहरू समेटेकोको छ। जसमा स्थानीय तहहरूलाई कृषिमा शसर्त बजेट ७६ करोड ६७ लाख बजेट विनियोजन गरिएको छ। कृषि ज्ञानरत्न प्रोत्साहन कार्यक्रमको लागि २ करोड, साना सिँचाइ आयोजनाको निर्माण र नियमित मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिँदै ४ करोड ८९ लाख, हेटौंडाको तरकारी बजार निर्माणका लागि ४ करोड रकम विनियोजित गरिएको मन्त्री श्रेष्ठले बताए।

त्यस्तै, गरिब र विपन्नका मागमा आधारित जीविकोपार्जन कार्यक्रम, चेपाङ्हरूलाई मौरीपालन सहयोग कार्यक्रम, विउबिजन आत्मनिर्भर कार्यक्रमलाई निरन्तरतालगायतका कामहरूलाई निरन्तरता दिइएको बताइएको छ।

# कैलाश गाउँपालिकामा व्यवसाय र कृषि समूह दर्ता गर्दा ५० प्रतिशत छुट

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिकाले अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित महिलाहरूले व्यवसाय, कृषि समूह दर्ता गर्दा ५० प्रतिशत छुट दिने भएको छ। पालिकाले ६ साउनमा सूचना प्रकाशन गरी यस्तो जानकारी दिएको हो।

गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नम्बर ९९ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि सूचना मार्फत जानकारी गराएको हो। प्रकाशित सूचना अनुसार वडा कार्यालयहरूले पनि सहजीकरण गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत बिनोद रोकाले आग्रह गरेका छन्। यस किसमको ५० प्रतिशत छुट व्यवसाय दर्ता र कृषि समूह दर्तामा पाइने छ।

**विपत्तिबाट बचौं र बचाऔं !**

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुन:स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा नामसारी**

## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना !

**निवेदक:** काले दर्जी **मिति:** २०८१।०४।०९ **जग्गाधनी:** दिल बहादुर दमाई

जिल्ला मकवानपुर साविक बज्रवाराही गा.वि.स. वडा नं. ५ हाल थाहा न.पा. वडा नं. ६ बस्ने काले दर्जीको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम टिस्टुङ वडा नं. ४ को कि.नं. ३९ क्षे.फ. ०-१-३-० यो जग्गा पन्चायत टिस्टुङ वार्ड ४ बस्ने भैर बहादुर दमाइको तिरो तिरान भित्रको हो निज मरी हक खाने छोरा दिल बहादुरको नाउमा दर्ता हुने हो भनी सहि गर्ने उल्लेख भएको, जग्गावालाको नामथर वतन व्यहोरा अनुसार दिल बहादुर दमाई पं टिस्टुङ ४ ज नाप जाँच ऐन २०२४ को दफा ६।४ अनुसार दर्ता भनी उल्लेख भएको, दिल बहादुर दमाइको मिति २०३२।०१।१५ मा मृत्यु भएको निजको एकमात्र श्रीमति बुद्धिमाया दमाइको मिति २०६५।११।०२ मा मृत्यु भएको, निजहरूको हकदार एकमात्र छोरा काले दर्जी भएको व्यहोराको थाहा न.पा. ६ को च.नं. १७११ मिति २०८१।०३।२७ को स. मु. सहितको सिफारिस समेतको आधारमा हकदार काले दर्जीको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरू कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरूको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी